Franklin County
Board of Commissioners
JOB & FAMILY SERVICES
1803

# पब्लिक चार्ज नियम जानकारीपत्र

*यो जानकारीपत्र नयाँ पब्लिक चार्ज (सार्वजनिक जिम्मेवारी/public charge) का बारेमा प्रश्नहरू भएका व्यक्तिहरूका लागि श्रोतसाधन हो। फ्रयाङ्कलिनको रोजगारी तथा पारिवारिक सेवा विभाग (Franklin County Department of Job and Family Services) यो नीतिलाई कार्यान्वयन वा व्याख्या गर्नका लागि जिम्मेवार छैन र यसले प्रभावित हुन सक्ने भनेर लागेका व्यक्तिहरूलाई आप्रवासनसम्बन्धी कानुन व्यवसायी वा अन्य विशेषज्ञहरूबाट थप मार्गनिर्देशनहरू खोज्नका लागि प्रोत्साहित गर्छ।*

## संक्षिप्त जानकारी:

जनवरी 27, 2020 मा, अमेरिकी सर्वोच्च अदालतले स्थायी आवास स्थिति (अर्थात्, "ग्रिन कार्ड" [“green cards”]) को अनुमति दिने कि नदिने भनेर निर्धारण गर्दा सङ्घीय अध्यागमन अधिकारीहरूले विचार गर्न सक्ने कार्यक्रम तथा पक्षका कार्यक्षेत्रहरूलाई बढाउँदै पब्लिक चार्ज नियमका प्रस्तावित परिवर्तनहरूलाई लागू गर्न स्वीकृति प्रदान गरेको थियो।

## Q: पब्लिक चार्ज (सार्वजनिक जिम्मेवारी/Public Charge) भनेको के हो ?

"पब्लिक चार्ज (सार्वजनिक जिम्मेवारी)" स्थायी आवास अनुमतिका लागि आवेदन दिने कुनै आवेदक सङ्घीय सरकारको सहयोगमा निर्भर हुने सम्भावना, अर्थात् सङ्घीय सुविधाहरू उनको आयको आधाभन्दा बढी हुने स्थिति, छ कि छैन भनेर निर्धारण गर्नका अधिकारीहरूले प्रयोग गर्ने शब्दावली हो। पब्लिक चार्ज हुन सक्ने सम्भावना रहेको भनेर ठानिएका आवेदकहरूलाई स्थायी आवास अनुमति अस्वीकार गर्न सकिनेछ।

## Q: के परिवर्तन भएको छ ?

नयाँ पब्लिक चार्ज नियमले पब्लिक चार्जका निर्धारणहरूमा सङ्घीय सरकारले विचार गर्ने कार्यक्रमहरूलाई विस्तार गर्छ जसमा पहिले समावेश नगरिएका स्वास्थ्य, पोषण तथा आवाससम्बन्धी कार्यक्रमहरूलाई अब समावेश गरिएका छन्।

यस नियमले "पब्लिक चार्ज" लाई कुनै पनि 36-महिनाको कुल समयवधिमा 12 महिनाभन्दा बढी समय एक वा सोभन्दा बढी सार्वजनिक सुविधाहरू
प्राप्त गर्ने आवेदकको रूपमा परिभाषित गर्छ (उदाहरणका लागि, पूरक पोषण सहयोग कार्यक्रम (SNAP, Supplemental Nutrition Assistance Program) तथा मेडिकेड (Medicaid) दुवै सुविधाहरूलाई एकैसाथ एक महिनासम्म प्राप्त गरेको भएमा त्यसलाई दुई महिनाको रूपमा गणना गरिनेछ)।

| पब्लिक चार्जको कार्यक्षेत्र अन्तर्गत पर्ने सङ्घीय कार्यक्रमहरू | |
|---|---|
| **अघिल्ला कार्यक्रमहरू** | **नयाँ समावेश गरिएका कार्यक्रमहरू** |
| • पूरक सुरक्षा आय (SSI, Supplemental Security Income)<br>• आवश्यकतामा रहेका परिवारहरूका लागि अस्थायी सहयोग (TANF, Temporary Assistance for Needy Families)<br>• दीर्घकालीन स्याहार | • SNAP<br>• गैर-आकस्मिक Medicaid<br>• Medicare पार्ट D कम-आय अनुदानहरू<br>• सार्वजनिक आवास, सेक्सन 8 |

| | |
|---|---|
| | • भाडाका लागि सहयोग |

अहिले यसले सार्वजनिक सुविधाहरूलाई निश्चित आय स्तर बनाइराख्न र गर्भवती नरहेका महिलाहरूका लागि गैर-आकस्मिक Medicaid, SNAP वा फुड स्ट्याम्पहरू र (सेक्सन 8 आवास वा भाडाका लागि सहयोग तथा सेक्सन 9 अन्तर्गतको सार्वजनिक आवास लगायत) विभिन्न आवास कार्यक्रमहरू लगायत पब्लिक चार्जको निर्धारणहरूमा पहिले समावेश नगरिएका निश्चित स्वास्थ्य, पोषण तथा आवाससम्बन्धी सेवाहरूका लागि सङ्घीय, राज्य तथा स्थानीय नगद सुविधा समावेश रहेको भनेर परिभाषित गर्छ।

## Q: के पब्लिक चार्जमा समावेश नगरिएका कुनै कार्यक्रमहरू छन्?

छन्। बालबालिका स्वास्थ्य बीमा कार्यक्रम (CHIP, Children's Health Insurance Program), फुड बैंक, स्कुल भोजन तथा महिला, शिशु तथा बालबालिकाहरू (WIC, Women, Infants, and Children) का लागि विशेष पूरक पोषण कार्यक्रम (Special Supplemental Nutrition Program) जस्ता पोषणसम्बन्धी कार्यक्रमहरूका साथसाथै राज्य तथा स्थानीय सरकारहरूद्वारा उपलब्ध गराइने बाल स्याहार, आवास सुविधा तथा अन्य गैर-नगद सुविधाहरू लगायत धेरै कार्यक्रमहरूलाई पब्लिक चार्जमा समावेश गरिएको छैन।

## Q: यो परिवर्तनबाट को-को प्रभावित हुनेछन्?

अमेरिकी नागरिकताका लागि (स्थायी आवास स्थितिको सट्टामा) आवेदन दिने आवेदकहरू प्रभावित हुने **छैनन्** र सार्वजनिक सुविधाहरू प्राप्त गर्दै भएतापनि अंगीकृत नागरिक हुन सक्नेछन्। सीमित अपवादहरू शरणार्थीहरू लगायत केही निश्चित आप्रवासी जनसङ्ख्यामा पनि लागू हुन्छन्।

सबैभन्दा बढी प्रभावित हुन सक्ने भनेर अपेक्षा गरिएको जनसङ्ख्या भनेको आप्रवासन गर्न खोजिरहेका अमेरिकाभन्दा बाहिरका व्यक्तिहरू हुन्छन्। सेवाहरू (उदाहरणका लागि, SNAP वा Medicaid) आवश्यक पर्ने आप्रवासीहरू डिपोर्ट हुने डरको कारणले गर्दा आवेदन दिनबाट हतोत्साहित हुन सक्नेछन्।

| नियम परिवर्तनद्वारा प्रभावित हुने जनसङ्ख्याहरू | |
|---|---|
| **प्रभावित हुने जनसङ्ख्याहरू** | **प्रभावित नहुने जनसङ्ख्याहरू** |
| • अमेरिकामा कानुनी रूपमा आप्रवासन गरिसकेका र:<br>○ वैध स्थायी निवासी वा ग्रिन कार्ड धारक बन्न आवेदन दिने व्यक्तिहरू;<br>○ गैर-आप्रवासी भिसा थप गर्न वा त्यसको वर्गीकरण परिवर्तन गर्न आवेदन दिने वा आफ्नो स्थिति नवीकरण गर्दै गरेका व्यक्तिहरू।<br>• अमेरिकामा देहायका लागि आउन खोजिरहेका व्यक्तिहरू:<br>○ भिसाका लागि आवेदन दिन;<br>○ 180 दिनभन्दा बढी समयदेखि अमेरिकाभन्दा बाहिर रहेका ग्रिन कार्ड धारकहरू। | • अमेरिकी नागरिकहरू;<br>• प्रमाणित कागजपत्र नभएका व्यक्तिहरू (किनभने उनीहरू मुख्य रूपमा सार्वजनिक सहयोगका लागि अयोग्य हुन्छन्);<br>○ आफ्नो आप्रवासनको स्थिति परिवर्तन गर्न आवेदन दिएका आप्रवासीहरू प्रभावित हुन सक्नेछन्<br>• शरणार्थी तथा असाइलीहरू;<br>• घरेलु हिंसा, बेचबिखन तथा अन्य गम्भीर अपराधहरूबाट जोगिएका व्यक्तहरू। |

***नोट:*** *यो नियम परिवर्तन सबैमा समान रूपमा लागू हुने नीति नभएको भन्ने बारेमा मानिसहरू सचेत रहनुपर्छ। FCDJFS ले कुनै पनि सुविधा कार्यक्रममा आवेदन दिने वा नाम हटाउने बारेमा कुनै पनि निर्णय लिनुभन्दा अगाडि आप्रवासनसम्बन्धी कानुन व्यवसायीसँग परामर्शसँग सुझाव दिन्छ।*

## Q: फ्रयाङ्कलिनको रोजगारी तथा पारिवारिक सेवा विभाग (FCDJFS, Franklin County Department of Job and Family Services) का सेवाग्राहीहरूमा यसको के असर हुन्छ ?

FCDJFS सेवाग्राहीहरू मध्ये एकदमै थोरै प्रतिशत यस नियम परिवर्तनबाट प्रभावित हुने अपेक्षा गरिएको छ। उदाहरणका लागि, FCDJFS SNAP प्राप्तकर्ताहरू मध्ये 0.1% सँग मात्र प्रभावित आप्रवासन स्थिति रहेको छ।

FCDJFS सेवाग्राहीहरू मध्ये अधिकांश (98.4%) नागरिक वा वैध स्थायी निवासीहरू हुन् र यी मानिसहरू प्रभावित हुने छैनन्। शरणार्थीहरू (1.2%) तथा असाइलीहरू (0.1%) पनि प्रभावित हुने छैनन्।

**श्रोत: Ohio BI, Individual Demographics Detail Report*
*01/28/2020*

| फ्रयाङ्कलिन काउन्टी SNAP प्राप्तकर्ताहरू (01/28/2020) | | |
|---|---|---|
| **आप्रवासन स्थिति** | **#** | **%** |
| अमेरिकी नागरिकहरू | 146,451 | 95.3% |
| अंगीकृत अमेरिकी नागरिकहरू | 28 | 0.02% |
| वैध स्थायी निवासी (Legal Permanent Resident) (ग्रिन कार्ड) | 4,809 | 3.1% |
| असाइली | 178 | 0.1% |
| शरणार्थी | 1,866 | 1.2% |
| **अन्य आप्रवासी** | **140** | **0.1%** |
| कुल SNAP | 153,606 | 100% |

## Q: सेवाग्राहीहरूका बारेमा बुझाइएका निजी जानकारीलाई FCDJFS ले कसरी प्रयोग गर्छ ?

सङ्घीय सरकारले आप्रवासन कानुन कार्यान्वयन गर्ने कार्यका लागि FCDJFS का प्रणालीहरूमा पहुँच बनाउँदैन। FCDJFS ले सेवाग्राहीहरूद्वारा बुझाइएको जानकारीलाई उनीहरू सहयोग कार्यक्रमहरूका लागि योग्य छन् कि छैनन् भनेर निर्धारण गर्न मात्र प्रयोग गर्छ। FCDJFS लाई बुझाइएका जानकारीलाई सङ्घीय सरकारबाट प्रमाणित गर्न आवश्यक पर्न सक्छ तर त्यो कार्यक्रम तथा सेवाहरूका लागि योग्यता पुष्टि गर्नका लागि मात्र हुन्छ।

## Q: यदि मैले कुनै सुविधाहरू प्राप्त गर्दैन तर मेरो बच्चाहरूले प्राप्त गर्छन् भने के हुन्छ ? के त्यसले ग्रिन कार्डका लागि मेरो आवेदनलाई प्रभावित गर्नेछ ?

गर्दैन। नयाँ पब्लिक चार्ज नियम अनुसार सङ्घीय सरकारले आफ्नो आप्रवासनको स्थितिलाई परिवर्तन गर्न खोजिरहेका व्यक्तिको परिवारको अन्य सदस्यद्वारा प्रयोग गरिएका कुनै पनि सार्वजनिक सुविधाहरूलाई नभएर आवेदन दिने व्यक्तिद्वारा प्रयोग गरिएक सार्वजनिक सुविधाहरूलाई मात्र विचार गर्नेछ।

## Q: यो परिवर्तन कहिलेदेखि लागू हुनेछ ?

अमेरिकी अमेरिकी नागरिकता र अध्यागमन सेवा (USCIS, United States Citizenship and Immigration Services) ले यो परिवर्तनलाई फेब्रुअरी 24, 2020 वा त्यसभन्दा पछिको हुलाकको छाप लागेको आवेदनहरू लागू गर्नेछ। बसाइको समयलाई बढाउन वा स्थिति परिवर्तनका लागि बुझाइएका आवेदन वा निवेदनहरूको हकमा आन्तरिक सुरक्षा मन्त्रालय (डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी) (Department of Homeland Security) ले फेब्रुअरी 24, 2020 वा त्यसभन्दा पछि प्राप्त गरिएका सार्वजनिक सुविधाहरूलाई मात्र विचार गर्नेछ। थप जानकारी तल प्राप्त गर्न सकिन्छ: https://www.uscis.gov/legal-resources/final-rule-public-charge-ground-inadmissibility

## Q: यो परिवर्तनबाट प्रभावित हुनेहरूका लागि अरू के-के श्रोतसाधनहरू उपलब्ध छन् ?

**इमाइग्रेन्ट लिगल रिसोर्स सेन्टर (Immigrant Legal Resource Center) (ilrc.org/public-charge)**

**काइजर फ्यामिली फाउन्डेसन (Kaiser Family Foundation) (www.KFF.org)**

- *Public Charge Key Takeaways Fact Sheet*

**नेसनल इमाइग्रेसन ल सेन्टर (National Immigration Law Center) (www.NILC.org)**

- *Public Charge: Does This Apply To Me?*
- *Know Your Rights: Public Charge Messages for Community Members*